राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २४ २०८२ साउन २७ गते मंगलवार (12 Aug. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## तीनवर्षमा सम्पन्न हुनुपर्ने कमला नदीको पुल १४ वर्ष पनि अधुरै



सिरहा, २६ साउन। सिरहा र धनुषा जिल्लालाई जोड्ने कमला नदीको पक्की पुल १४ वर्षदेखि अधुरै छ। विसं २०६८ मा तीन वर्षमै सम्पन्न गर्ने लक्ष्यसहित सुरु गरिएको चार सय ६९ मिटर लामो पुल अहिलेसम्म निर्माण सम्पन्न नहुँदा स्थानीयवासी बर्सेनि सास्ती भोग्न बाध्य छन्। पुल नबन्दा स्थानीयले अस्थायी रूपमा बनाइएको बाँस वा काठको पुलमार्फत जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था छ। यही साउनको तेस्रो हप्तामा आएको बाढीले बाँसको अस्थायी पुल बगाएपछि आवतजावत ठप्प भएको थियो। हाल पुनः काठको संरचना बनाएर आवतजावत केही सहज बनाइएको भए पनि जोखिम यथावत् छ।

सिरहा - ६ का प्रवीण यादव भन्नुहुन्छ,“पुल नबन्दा हामी वर्षौंदेखि सास्ती भोग्दै आएका छौँ। अहिले बनाइएको काठे संरचना जोखिमपूर्ण छ, तर त्यही बाटो भएर हामी हिँड्न बाध्य छौँ। मोटरसाइकलसहित यात्रा गर्दा झन् डर लाग्छ, तर विकल्प छैन। त्यसमा पनि यात्रुहरूमाथि मनपरी शुल्क असुली भइरहेको छ।” नगरपालिकाले निःशुल्क सञ्चालनको दाबी गरे पनि रु ५० सम्म तिर्नुपरेको उहाँको भनाइ छ।

उहाँले भन्नुभयो,“पहिले ठेक्का सम्झौताअनुसार रु २० लिइन्थ्यो, अहिले त्यो पनि हटेको भनिए तापनि व्यवहारमा शुल्क झनै बढेको छ। जनतामाथि दोहोरो भार परेको छ एकातिर जोखिमपूर्ण यात्रा, अर्कातिर अनियमित शुल्क असुली।”

पुल निर्माणको जिम्मा पहिले पप्पु-लुम्बिनी जेभीलाई दिइएको थियो। पप्पु कन्स्ट्रक्सन कालोसूचीमा परेपछि बाँकी काम लुम्बिनी बिल्डर्सले गर्दै आएको हो। तर बाढीले दुई पाया भासिएपछि आवश्यक मर्मतका लागि आठ करोडको बिमा रकम नपाएको कारण देखाउँदै कम्पनीले पछिल्लो एक महिनादेखि काम रोकिदिएको छ।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरका सूचना अधिकारी इञ्जीनीयर रञ्जितकुमार रायका अनुसार निर्माण कम्पनीले तोकिएको म्यादमै काम रोकेकाले ठेक्का तोडेर लुम्बिनी बिल्डर्सलाई पनि कालोसूचीमा राख्ने प्रक्रिया अघि बढाइएको छ। सिरहा–६ का वडाध्यक्ष इन्द्रजित यादवका अनुसार, पुल नहुँदा बाढीपछिको समयमा पैदलयात्रुले बाँसको भऱ्याङ चढेर वा डुङ्गाबाट नदी पार गर्नुपर्ने अवस्था रहेको छ। कमला नदीमाथिको पुल अधुरो रहँदा हरेक वर्षाको वर्षायाम स्थानीयवासीका लागि चुनौती बनेको छ। रासस




## जनकपुरधामको होटल व्यवसाय संकटमा

# ‘अर्बों लगानी प्रतिफल शून्य’

वीरेन्द्र कर्ण

जनकपुरधाम २६ साउन। धार्मिक ऐतिहासिक तथा पर्यटकीय नगरीको रुपमा रहेको जनकपुरधाममा पछिलो समय होटल व्यवसायी द्रूतगतिमा खुलेपनि यो व्यवसायी फ्ष्टाउन नसक्दा लगानीकर्ताको अर्बो रुपैया डुब्ने खतरा बढेर गएको छ।

मधेश प्रदेशको राजधानी समेत रहेको जनकपुरधाममा ठूलासना गरी दुईसयभन्दा बढी होटलहरु सञ्चालनमा रहेका छन्। उक्त होटलहरुमा करीब १५ अर्बभन्दा बढी रुपैया लगानी रहेको छ भने पाँच हजारभन्दा बढी कामदारहरु रोजगार पाएका छन्।

होटल व्यवसायी संघ जनकपुरधामका अनुसार पर्यटकहरुलाई लक्षित गरी वर्षेनी नयाँ नयाँ होटल खुल्ने क्रम बढ्दै गएको छ, तर आर्थिक गतिविधि र बजारको दायरा फराकिलो नहुँदा व्यवसायीहरु भने उत्साहित नदेखिएको जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीको भनाई छ। पर्यटकीय गतिविधि बढ्ने आशैआशमा होटल व्यवसायीमा लगानी पनि बढिरहेको अवस्थामा यो व्यवसायी ओरालो लाग्दैजानु चिन्ताको विषय हो ( अध्यक्ष भण्डारीले भने (‘विविध कारणले गर्दा जनकपुरधाममा होटल व्यवसायी फ्ष्टाउन नसकेको हो।’

आर्थिकमन्दी र कोरोनाको मारमा परेका यहाँका होटल व्यवसायी माथि उठ्न नसकेको छ भने अर्कोतिर राज्यले अत्यावश्यक पूर्वाधार र अनकूल वातावरण बनाई दिएको खण्डमा यहाँको होटल व्यवसायीले देशको अर्थतन्त्रमा ठूलो योगदान पुर्याउन सक्ने विश्वास व्यवसायीहरुको छ।

हिन्दु धर्मावलम्बीहरुको आस्थाको केन्द्रविन्दुको रुपमा परिचित जनकपुरधाममा पछिल्लो समयमा धार्मिक पर्यटकहरुलाई लक्षित गरी यहाँ होटल व्यवसायीको विकास भएको छ( शिवचौकमा रहेको वेलकम होटलका सञ्चालक विजय झुनझुनवाला भन्छन् ‘अर्थतन्त्रमा सुधार, आर्थिक क्रियाकलापमा वृद्धि भएमा यहाँ अरु पनि होटल खुल्नेछन्। मधेश प्रदेशको राजधानी समेत रहेका जनकपुरधाममा धार्मिक पर्यटकलाई लक्षित गरी ठूलठूला होटल खुलेपनि अर्थतन्त्रमा सुधार नआए कलान्तरमा यो व्यवसायी




ओरालो लाग्नेछन्।

रामानन्द चौकमा रहेका होटल सीता पैलेसका सञ्चालक जीवनाथ चौधरीका भनाई पनि उस्तै उस्तै रहेको छ। उहाँ भन्नुहुन्छ (पछिल्लो समयमा धार्मिक पर्यटकहरुको आगमन बढेकोले होटल खुल्ने क्रम बढ्न गएको हो। तर आर्थिक गतिविधि नबढ्दा होटल व्यवसायीले लगानी अनुसारको प्रतिफल पाउन सकेको छैन।

मधेश प्रदेशको राजधानी तथा पर्यटकीय नगरी जनकपुरधाम भएकोले यहाँ सडक, हवाई, रेल सेवाले जोडिएको भएपनि आर्थिक गतिविधि बढ्न नसक्दा होटल व्यवसायीहरु निरास भएका छन्। यस व्यवसायीलाई अगाडी बढाउने हो भने तीन तहका सरकारले पर्यटकीय गन्तव्यको थप पहिचान गरी टूरप्याकेज बनाउनु पर्ने माँग व्यवसायीहरुको छ। व्यवसायीहर भन्छन् ‘होटलमा लगानी अनुसारको आर्थिक क्रियाकलाप बढ्न नसक्नुको एउटै कारण हो संघीय सरकारले लगाएको चर्को कर, बैंकको चर्को ब्याजदर, यहाँ आउने पर्यटकहरको सहुलियतका लागि भन्सार विन्दुमा पर्यटनमैत्री संरचना नहुनु, पर्यटन सूचना केन्द्र अध्यायगमन कार्यालय, पर्यटकीय गन्तव्यको पहिचान, पूर्वाधार निर्माण तथा पर्यटकीय स्थलहरुको व्यापक रुपमा प्रचार प्रसार नहुनु जस्ता कारणले यो व्यवसायीमा लगानी बढेपनि प्रतिफल भने शुन्य रहेको व्यवसायीहरु बताउँछन्।


अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# सीमा सुरक्षाको नाममा स्थानीयको असुरक्षा

नेपाल-भारत सीमानाकामा पर्ने पूर्वी धनुषाको दुहबी बजार यतिबेला असुरक्षा र त्रासको पर्याय बन्दै गएको छ। सशस्त्र प्रहरी र तस्करबीच हुने बारम्बारको भिडन्तले यहाँका बासिन्दा निरन्तर मानसिक तनावमा बाँच्न बाध्य भएका छन्।

विदेह नगरपालिका-५ अन्तर्गतको यो बजार भारतीय सीमा नजिकै छ। सीमापारको आवतजावत र व्यापारिक क्रियाकलाप सामान्य भए पनि, पछिल्ला महिनामा प्रहरीले अपनाएको कठोर कार्यशैलीले स्थानीयलाई आफ्नो अस्तित्व नै संकटमा परेको अनुभूति गराइरहेको छ। महिनाथपुरस्थित सशस्त्र प्रहरी बलको प्रस्तावित गुल्मका डिएसपी सीताराम पौडेलको नेतृत्वमा तस्करी नियन्त्रणका नाममा हवाई फायरसम्म गर्नुपर्ने अवस्था आएको प्रहरीको भनाइ छ। तर, स्थानीयको बुझाइमा, सामान्य किनमेल गर्ने क्रममा समेत गोली चलाउने अवस्था सिर्जना हुनु अस्वीकार्य र खतरनाक हो।

स्थानीय श्रवण कुमार भन्छन् - "हामी सामान्य सामान लिन जाँदा पनि प्रहरीसँग मुठभेडको स्थिति बन्छ। यसले हामीलाई निरन्तर डरमा बाँच्न बाध्य पारेको छ।"

प्रहरी पक्षले भने फरक व्याख्या गर्छ। डिएसपी पौडेलका अनुसार, सीमाक्षेत्रमा संगठित तस्करी भइरहेको छ र तस्करहरू ढुंगामुढा तथा भालासहित आक्रमण गर्न खोज्दा आत्मरक्षार्थ हवाई फायर गर्नु परेको हो। तर, प्रश्न उठ्छ - प्रहरीको बाक्लो उपस्थितिका बाबजुद तस्करी रोक्न नसक्नु र सामान्य नागरिकलाई समेत गोलीको भयमा राख्नु कुन किसिमको सुरक्षा नीति हो?

गत असार र साउन महिनामा मात्रै दुई पटक भिडन्त भई आठ राउण्डभन्दा बढी गोली प्रहार भएको तथ्यांक छ। यस्तो अवस्थाले सीमापारको भारतीय बजार दुहबी (जानकी नगर) मा समेत असर पारेको छ, जहाँ भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले बेला-बेलामा नाकाबन्दी गर्दै नेपाली उपभोक्तालाई भारत पस्न रोक्ने गरेको छ। यसले स्थानीयको दैनिकी झन् कठिन बनाएको छ।

यथार्थ यो हो कि, सीमाक्षेत्रमा तस्करी रोक्नु राज्यको जिम्मेवारी हो, तर त्यसको नाममा सर्वसाधारणको जनजीवनलाई अशान्त र भयावह बनाउनु उचित होइन। सुरक्षा बलको जिम्मेवारी अपराध नियन्त्रण मात्र होइन, स्थानीयको विश्वास जित्नु पनि हो। तर, यहाँ अवस्था उल्टो छ – जनता प्रहरी देखेर ढुक्क होइन, आतंकित छन्।

दुहबीको वर्तमान अवस्था 'औपनिवेशिक सोच' जस्तो कठोर सुरक्षा मोडलको उपज हो भन्ने आरोप हल्का होइन। यस्तो नीतिले सीमा व्यवस्थापनलाई मजबुत बनाउँदैन, बरु स्थानीय-सुरक्षा बलबीचको दूरी बढाउँछ र दुवैबीचको अविश्वासलाई गहिरो बनाउँछ।

यदि राज्यले समयमै सचेत भएर संवाद, समन्वय र व्यावसायिक सुरक्षा नीति अपनाएन भने, दुहबी बजार कुनै दिन ठूला मानवीय क्षतिको त्रासदीको साक्षी बन्न सक्ने सम्भावना नकार्न सकिन्न।

# पुनौराधामको मन्दिर र जनकपुरधामको चेतना



कैलास दास

माता सीताको प्रकटस्थलका रूपमा परिचित भारतको बिहार, सीतामढी जिल्लास्थित पुनौराधाममा भव्य मन्दिर निर्माणको चर्चा यतिबेला जनकपुरधामसम्म आइपुगेको छ। यस विषयले यहाँका नागरिक, धार्मिक समाज र बुद्धिजीवीहरूबीच विभिन्न धारका प्रतिक्रिया जन्माइरहेका छन्। कोही यसलाई ऐतिहासिक र सांस्कृतिक गौरवको अवसरका रूपमा देख्छन्, भने कोहीको मनमा गहिरो निराशा र चिन्ता छ। विशेषतः, जनकपुरधामभन्दा ठूलो मन्दिर पुनौराधाममा बनेपछि यहाँ आउने पर्यटकको संख्यामा कमी आउने आशंका केहीमा बलियो छ। तर अर्कोतर्फ, धेरैको विश्वास छ(सीताको माइतीमा आउने तीर्थालु स्वाभाविक रूपमा जनकपुरधाम पनि आउनेछन्, त्यसैले यसलाई प्रतिस्पर्धा नभई अवसरका रूपमा लिनुपर्छ ।



पुनौरामा ५० एकड क्षेत्रफलमा ८ करोड ८३ लाख भारतीय रुपैयाँको लागतमा भव्य मन्दिरको निर्माण भइरहेको छ। भारतका गृहमन्त्री अमित शाह र बिहारका मुख्यमन्त्री नितीश कुमारको संयुक्त शिलान्यासले यसको महत्व र भव्यताको संकेत दिएको छ। धार्मिक, ऐतिहासिक र पर्यटकीय दृष्टिले भारत सरकारले गरिरहेको यो लगानी प्रशंसनीय छ। यसले पुनौराधाम मात्र होइन, सम्पूर्ण मिथिला क्षेत्रको धार्मिक मानचित्रमा नयाँ ऊर्जा भर्नेछ।

इतिहासलाई मेटाउन सकिँदैन, तर त्यसलाई प्रभावित पार्ने प्रयास अवश्य गर्न सकिन्छ। रामायणकालीन ग्रन्थका प्रमाणअनुसार माता सीताको प्रकटस्थल पुनौरा नै हो भन्ने दाबी प्राचीनकालदेखि हुँदै आएको हो। तर यसबारे विवाद र बहस पनि उतिनै लामो छ। जनकपुरधामका लागि यतिबेला मूल प्रश्न यो हो(के हामी यो अवसरलाई प्रतिस्पर्धा वा भयका रूपमा लिन्छौं, वा सहकार्य र विकासको सम्भावना खोज्छौं? जनकपुरधामको धार्मिक महत्ता र ऐतिहासिक परिचयलाई अझ प्रभावकारी रूपमा विश्वसामु कसरी प्रस्तुत गर्ने भन्नेमा बहस केन्द्रित हुनु आवश्यक छ।

अयोध्याको उदाहरण हाम्रो आँखाअघि छ(भगवान् रामको जन्मभूमिमा अर्बौंको लगानीमा बनेको भव्य मन्दिर आज संसारभरका श्रद्धालुको गन्तव्य बनेको छ। त्यसपछि भारत सरकारले सीताको प्रकटस्थल पुनौरामा लगानी गर्दैछ। हामी प्रायः भारतले नेपालसम्बन्धी गरेका कामको आलोचना गर्न तत्पर हुन्छौं, तर त्यहाँको योजनाबद्धता, धार्मिक पर्यटनलाई आर्थिक विकाससँग जोड्ने क्षमता, र सम्पदाको उपयोगका उपाय सिक्ने कुरा भने उपेक्षित हुन्छ।

जनकपुरधाम कुनै सामान्य शहर होइन(यो राजा जनकको राजधानी, ज्ञान र तपस्याको भूमि, सीताको माइती, र राम( सीताको विवाहको ऐतिहासिक रंगमञ्च हो। तर विडम्बना, यहाँको कथा हामीले पूर्ण रूपमा संसारलाई सुनाउन सकेका छैनौं। जानकी मन्दिरको भव्यताले आँखालाई लोभ्याउँछ, तर पर्यटकको हृदयलाई बाँध्न यहाँ अझ धेरै कथा र स्थल आवश्यक छन्।

हामीलाई आज आवश्यकता छ(राजा जनकको दरबारको पुनर्निर्माण, राम(सीताको स्वयंवरस्थलको पुनःस्थापना, ऋषिमुनिको तपोभूमिको खोज र विकास, र मिथिलाका पुराना मठ(मन्दिर तथा सरोवरहरूको संरक्षण। जब यी सम्पदा जीवन्त हुनेछन्, तब पुनौराधाममा पुगेका तीर्थालुहरू जनकपुरधाम पनि श्रद्धा र उत्सुकताका साथ घुम्नेछन्। नत्र भने, हाम्रो इतिहास केवल पुस्तकका पानामा सीमित हुनेछ।

सामाजिक सञ्जालमा पुनौराको मन्दिरबारे बहस गर्नेको कमी छैन, तर शब्द मात्र पर्याप्त हुँदैन(व्यवहारमै उतार्ने जिम्मेवारी पनि त्यत्तिकै ठूलो हुन्छ। यो दायित्व संघ, प्रदेश र स्थानीय सरकार मात्र होइन, जनकपुरवासी सबैको हो। नागरिक सचेत र सक्रिय भएमा, अयोध्या, बैद्यनाथधाम वा पुनौराधाम आउने तीर्थालुहरूलाई यहाँसम्म ल्याउन गाह्रो हुने छैन। तर त्यसका लागि जानकी मन्दिर मात्र पर्याप्त हुँदैन(जनकपुरधामलाई जीवित इतिहासको संग्रहालय बनाउनु आवश्यक छ।

२०७६ सालको कोरोना महामारीले विश्व अर्थतन्त्रलाई हल्लायो। अन्य स्थानहरू विस्तारै सुधार भए पनि जनकपुरधामको व्यापार अझै पूर्ण रूपमा उठ्न सकेको छैन। धार्मिक र सांस्कृतिक पर्यटनको विकास नै यो शहरको आर्थिक पुनर्जागरणको मुख्य आधार बन्न सक्छ। मधेश प्रदेशको राजधानीको रूपमा राजनीतिक महत्त्व त पाएको छ, तर राज्यको हृदय बन्न अझै लामो बाटो छ। संघ, प्रदेश र स्थानीय सरकारहरूले वार्षिक बजेटको एक अंश जनकपुरधामको धार्मिक(पर्यटकीय पूर्वाधारमा लगानी गर्ने हो भने यो शहरलाई विश्वस्तरीय गन्तव्य बनाउने सम्भावना बलियो छ।

त्यसैले, पुनौराधाममा मन्दिर निर्माणलाई आत्मसम्मान र प्रेरणाको दृष्टिले लिनुपर्छ। सीताको प्रकटस्थल र माइतीबीच सहकार्यको पुल बनाएर दुवैको फाइदा हुने गरी अघि बढ्नुपर्छ। जनकपुरधामले आफ्नो पहिचानलाई अझ स्पष्ट, समृद्ध र आकर्षक बनाउन यतिखेरै पहल गर्नुपर्छ। आजको उदासीनताले भोलिको पछुतो निम्त्याउनेछ, तर आजको सक्रियताले भोलिको गौरव निर्माण गर्नेछ। सहकार्यको यात्रामार्फत मात्र जनकपुरधाम र पुनौराधाम दुबै मिथिलाको गौरवशाली गहना बन्न सक्नेछन्।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

## डिजिटल व्यक्तिगत डाटा सुरक्षा

# ऐनमा के छ जसलाई लिएर प्रश्न उठेका छन्




सन् २०२३ मा भारत सरकारले डिजिटल व्यक्तिगत डाटा सुरक्षा ऐन पारित गऱ्यो। यो ऐन नागरिकको व्यक्तिगत डाटाको सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले ल्याइएको हो ।

धेरै मस्यौदाहरूमा विचार–विमर्श गरेपछि सन् २०२३ को अगस्ट महिनामा यो विधेयक संसदका दुवै सदनबाट पारित भयो र राष्ट्रपतिबाट अनुमोदन प्राप्त गऱ्यो।

तर ऐन बनेको दिनदेखि नै यसको आलोचना हुँदै आएको छ। आलोचकहरूमा पत्रकारहरू पनि छन्, जसको भनाइमा यो ऐनले पत्रकारिताको स्वतन्त्रता प्रभावित पार्न सक्छ ।

गत जुलाई २८ मा थुप्रै पत्रकार संगठनहरूले इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालय (MeitY) का सचिव एस. कृष्णनसँग भेटवार्ता गरे। यस बैठकमा उनीहरूले सरकारले ऐनका केही प्रावधानहरू संशोधन गर्नुपर्ने माग राखे।

हालसम्म डिजिटल व्यक्तिगत डाटा सुरक्षा ऐन कार्यान्वयन भइसकेको छैन। यसमा रहेका धेरै प्रावधानहरू कार्यान्वयन गर्नका लागि केन्द्र सरकारले नियमहरू बनाउनुपर्नेछ।

सन् २०२५ जनवरीमा सरकारले यस ऐनसँग सम्बन्धित प्रारम्भिक नियमावली (ड्राफ्ट रूल्स) सार्वजनिक गरेको थियो, जसको हाल छलफल भइरहेको छ।

अब बुझौं, यो ऐन के हो र यस लागू हुँदा पत्रकारितामा कस्तो प्रभाव पर्न सक्छ।

### ऐन के हो?

सन् २०१७ मा सर्वोच्च अदालतले निजतालाई मौलिक अधिकारको मान्यता दिएको थियो, जसको आधारमा यो ऐन ल्याइयो।

यस ऐन अनुसार, यदि कुनै व्यक्ति वा संगठनले कसैको व्यक्तिगत डाटा प्रयोग गर्न चाहन्छ भने उसले केही शर्तहरू पालना गर्नुपर्नेछ। उदाहरणका लागि–

- कसैको व्यक्तिगत डाटा लिने पहिले सो व्यक्तिको स्पष्ट सहमति लिनुपर्नेछ।
- डाटाको प्रयोग वैध उद्देश्यका लागि मात्र गर्नुपर्नेछ ।
- डाटाको सुरक्षा सुनिश्चित गर्नुपर्नेछ।

यस अनुसार, कुनै व्यक्ति आफ्नो व्यक्तिगत डाटा उपलब्ध गराएपछि त्यसलाई मेटाउन माग गर्न सक्छ।

यो ऐन उल्लङ्घन गरेमा २५० करोड रुपैयाँसम्म जरिवाना हुन सक्छ, र सरकारले यो रकम बढाएर ५०० करोडसम्म पुऱ्याउन सक्छ।

व्यक्तिगत डाटामा ती सबै विवरण पर्छन् जसबाट कुनै व्यक्तिको पहिचान खुल्न सक्छ–जस्तै नाम, ठेगाना, फोन नम्बर, तस्बिर, स्वास्थ्य र वित्तीय विवरण, इन्टरनेट ब्राउजिङ इतिहास आदि।

यस ऐनमा 'डाटा प्रोसेस' को परिभाषा पनि दिइएको छ, जसमा डाटा सङ्कलन, भण्डारण र प्रकाशनसम्मका क्रियाकलाप पर्छन्।

यो ऐन कार्यान्वयनको जिम्मेवारी 'डाटा प्रोटेक्शन बोर्ड अफ इन्डिया' नामक सरकारी निकायले लिनेछ, जसले जरिवाना लगाउने, उजुरी सुन्ने लगायतका काम गर्नेछ।

पत्रकार संगठनहरूको भनाइमा व्यक्तिगत डाटाको प्रयोग लगभग सबै प्रकारका पत्रकारितामा हुन्छ।

जस्तै–कुनै पत्रकारले कुनै अधिकारीको भ्रष्टाचारबारे रिपोर्ट गर्दा, सो रिपोर्टमा ती अधिकृतको व्यक्तिगत डाटाको उल्लेख हुन सक्छ। यस कारण पत्रकारहरूले यो ऐनका केही प्रावधानप्रति आपत्ति जनाएका छन्।

जस्तै–सरकारले केही परिस्थितिमा कसैको व्यक्तिगत डाटा साझा गर्न आदेश दिनसक्ने प्रावधान।

पत्रकारहरूलाई आशंका छ, यस्तो आदेश आएमा उनीहरूको गोप्य स्रोतको पहिचान खुल्न सक्छ, जुन कतिपय संवेदनशील रिपोर्टिङमा अत्यन्तै गोप्य राखिनु जरुरी हुन्छ।

सन् २०२४ फेब्रुअरीमा एडिटर्स गिल्ड अफ इन्डियाले केन्द्रीय मन्त्री अश्विनी वैष्णवलाई पत्र लेखी ऐनका विभिन्न प्रावधानप्रति चिन्ता व्यक्त गरेको थियो ।

गिल्डको भनाइमा, यो ऐन 'पत्रकारिताको अस्तित्वका लागि खतरा' हुनसक्छ।

पत्रकारहरूको भनाइ छ, यद्यपि यो ऐनले अन्तर्वार्ता वा सामान्य रिपोर्टिङमा ठूलो असर नपार्ला, तर खोजी पत्रकारिता र संवेदनशील रिपोर्टिङमा भने प्रत्यक्ष असर पार्ने सम्भावना छ।

यसै सन्दर्भमा, जुन २५ मा २२ प्रेस संगठन र १,००० भन्दा बढी पत्रकारहरूले पनि सरकारलाई ज्ञापन बुझाए, जसमा ऐनमा आवश्यक संशोधनको माग गरिएको थियो।

यी पत्रकारहरूमा पत्रिका, टेलिभिजन, युट्युब र स्वतन्त्र पत्रकार ( फ्रिलान्सर) सम्म रहेका छन्।

### पत्रकारहरूको माग के हो?

पत्रकारहरूको मुख्य माग हो–पत्रकारिता कार्यका लागि यो ऐनबाट छूट दिनुपर्छ।

हाल यो ऐनले अपराध अनुसन्धानजस्ता केही उद्देश्यका लागि मात्र छूट दिएको छ।

सन् २०१८ मा आएको पहिलो मस्यौदामा पत्रकारितासम्बन्धी धेरै प्रावधानहरूबाट छूट थियो।

सन् २०१९ मा संसदमा पेश हुँदा पनि यस्तो छूट कायम थियो। त्यस्तै, सन् २०२१ को मस्यौदामा पनि पत्रकारिताका लागि केही छुट दिइएको थियो।

तर सन् २०२३ मा पारित अन्तिम संस्करणमा पत्रकारितासम्बन्धी छुट हटाइयो। यो किन हटाइयो भन्ने स्पष्ट छैन।

पत्रकारहरूले यसबारे सरकारसँग जवाफ मागेका छन्।

पत्रकार संगठनहरूको भनाइ छ–'पत्रकार' को परिभाषा केवल सञ्चारमाध्यममा काम गर्ने व्यक्तिमात्रमा सीमित हुनुहुँदैन।

एडिटर्स गिल्डले आफ्नो पत्रमा उल्लेख गरेको छ कि युरोप र सिंगापुरजस्ता मुलुकका डाटा प्रोटेक्शन ऐनमा पत्रकारितालाई छूट दिइएको छ।

यस विषयमा सन् २०१८ को 'जस्टिस बी.एन. श्रीकृष्ण कमिटी'को प्रतिवेदनमा भनिएको थियो–यदि पत्रकारहरूले पूर्ण रूपमा डाटा प्रोटेक्शन ऐन पालना गर्नुपऱ्यो भने, यसको अर्थ कसैले पनि आफ्नो विरुद्ध रिपोर्टका लागि सहमति दिने छैन।

जुलाई ३० को पत्रकार सम्मेलनमा प्रेस क्लब अफ इन्डियाकी उपाध्यक्ष संगीता बरुवा पिशारोतीले २८ जुलाईमा आफूहरूले मन्त्रालयका सचिवसँग भेट गरेको बताइन्।

उनका अनुसार–"सरकारको तर्फबाट भनिएको छ कि यो ऐनले पत्रकारहरूलाई समस्या ल्याउँदैन। मन्त्रालयका सचिवले हामीलाई 'एफएक्यू' (Frequently Asked Questions) तयार गर्न भनेका छन् ।"

उनले थपिन–पत्रकार संगठनहरू ऐनमा संशोधनको माग गरिरहेका छन् र संशोधन नभएसम्म पत्रकारहरूलाई अस्थायी रूपमा यो ऐनबाट छूट दिनुपर्छ।

*बीबीसी/हिन्दी डटकमबाट*

# धेरै मुद्दा फछ्र्योट गर्ने न्यायाधीश घिमिरे सम्मानित

वीरगञ्ज, २६ साउन । पर्सा जिल्ला अदालतले गत आर्थिक वर्ष २०८१/ ८२ मा सात हजार दुई सय ४४ वटा मुद्दा फछ्र्योट गरेको छ ।

अदालतले गत आवमा अघिल्लो आवको जिम्मेवारी सरेका र नयाँ दर्ता भएकामध्ये कूल १२ हजार छ सय ३५ मुद्दामध्ये ५७ दशमलव ३३ प्रतिशत मुद्दा फछ्र्योट गरेको हो ।

न्यायाधीश दीपक खनालले अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा पर्सा अदालतको मुद्दा फछ्र्योटको प्रतिशतमा वृद्धि भएको जानकारी दिनुभयो । "पर्सा जिल्ला अदालतले अघिल्लो आवमा भने ५७ प्रतिशत मुद्दा फछ्र्योट गरेको थियो । गत आर्थिक वर्षमा भएको मुद्दाको फछ्र्योट प्रगति उन्मुख देखिएको छ," उहाँले भन्नुभयो,"मुद्दा फछ्र्योटमा अदालतको मात्रै एकल भूमिका नभएर अन्य सरोकारवाला निकायको पनि भूमिका महत्वपूर्ण हुने गर्छ ।"

अघिल्लो आवबाट जिम्मेवारी सरेका छ हजार ९२ र गत आवमा नयाँ दर्ता भएका मुद्दा सङ्ख्या भने छ हजार पाँच सय ४३ छन् । त्यस्तै अदालतमा १८ महिना नाघेका मुद्दाको सङ्ख्या तीन सय ६७ र दुई वर्ष नाघेका मुद्दाको सङ्ख्या भने तीन सय ३४ रहेका छन् । न्यायाधीश नन्दकिशोरप्रसाद यादवले अदालतले पनि न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना अनुसार नै काम गर्दै आइरहेको जानकारी दिनुभयो ।

"चालु आर्थिक वर्षमा गत आर्थिक वर्षबाट सरेर आएका र नयाँ दर्ता हुने गरी करिब १३ हजार चार सय ६८ मुद्दा दर्ता हुने लक्ष्य राखेका छौं," उहाँले भन्नुभयो,"चालु आवमा लक्ष्यको ६६ प्रतिशत अर्थात आठ हजार आठ सय ३७ वटा मुद्दा फछ्र्योट गर्ने लक्ष्य निर्धारण गरेका छौं ।"

अदालतका श्रेस्तेदार प्रभाकरकुमार मल्लिकले वार्षिक कार्ययोजना अनुसार नै लक्ष्य राखेर मुद्दाको फछ्र्योट गर्ने योजना रहेको जानकारी दिनुभयो ।

अदालतमा ११ न्यायाधीश कार्यरत रहनुभएको छ । अदालतमा कार्यरत रहनुभएका ती न्यायाधीसमध्ये न्यायाधीश माधवप्रसाद घिमिरेले गत आवभरिमा नौ सय ८३ मुद्दा फछ्र्योट गर्न सफल हुनुभएको छ । उहाँलाई आइतबार एक कार्यक्रमबीच दोसल्ला



ओढाएर सम्मान गरिएको छ ।

न्यायाधीश दीपक खनालले नौ सय ३९ मुद्दा फछ्र्योट गर्नुभएको छ । न्यायाधीस नन्दकिशोरप्रसाद यादवले सात सय ६२, न्यायाधीश आनन्दप्रसाद श्रेष्ठले छ सय ३०, न्यायाधीश प्रमेश पोखरेलले छ सय पाँच मुद्दा फछ्र्योट गर्नुभएको छ । त्यस्तै न्यायाधीश उत्तम सिलवालले काठमाडौं र पर्सामा गरी छ सय २४, न्यायाधीश उपेन्द्रकेशर खनालले सिरहा र पर्सामा गरी छ सय ५७ मुद्दा फछ्र्योट गर्नुभएको छ । न्यायाधीश मोहन सुवेदीले पाँच सय ८४, न्यायाधीश मुकुन्द आचार्यले पाँच सय ३८, कमलकान्त जोशीले पाँच सय ६६, न्यायाधीस रुद्रप्रसाद सुवेदीले पाँच सय एक वटा मुद्दा वर्षभरिमा फछ्र्योट गर्नुभएको छ । पर्सा जिल्ला अदालतले गत आव नौ सय ५६ वर्ष तीन महिना एक दिन कैद बराबरको जरिवानाको लगत फछ्र्योट गरेको छ । जबकी गत आवसम्म तीन हजार पाँच सय ५८ वर्ष ११ महिना ६ दिन कैदको लगत रहेको थियो गत आवभरिमा प्रति न्यायाधीश आठ सय ४३ मुद्दा फछ्र्योट गर्ने लक्ष्य तोकिएको थियो । न्यायाधीश खनालले अदालतले न्याय सम्पादन गर्दा अदालतको प्रक्रिया र कार्यविधिलाई आधार मानेर फैसला गर्ने बताउनुभयो । रासस

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

# आमाको स्वघोषणाले सन्तानलाई नागरिकता उपलब्ध गराउने मूल ध्येय छ : गृहमन्त्री लेखक

काठमाडौँ, २६ साउन । गृहमन्त्री रमेश लेखकले आमाको स्वघोषणाले सन्तानलाई नागरिकता उपलब्ध गराउने मूल ध्येयका साथ नागरिकतासम्बन्धी कानुनलाई संशोधनअघि बढाइएको बताउनुभएको छ ।

आज राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिमा नेपाल नागरिकता विधयेक २०८१ मा सैद्धान्तिक छलफलका क्रममा गृहमन्त्री लेखकले सन्तानको आमा नै पहिलो संरक्षक हुने गरेको बताउँदै आमालाई नै जिम्मेवार बनाइएको जानकारी दिनुभयो ।

“सन्तानको पहिलो संरक्षक आमा नै हुन् । आमाले यो मेरो सन्तान हो । त्यसको बुबाको पत्ता छैन अथवा म ल्याउन सक्दैन भनेर भनेको अवस्थामा आमाले स्वघोषणा गरेको अवस्थामा त्यसको सन्तानलाई नागरिकता उपलब्ध गराउने मूल ध्येय छ”, गृहमन्त्री लेखकले भन्नुभयो,



“यसले आमा/महिलाको मात्रै हक स्थापित गरेको होइन । संविधानको सीमारेखाभित्र महिलाको हकलाई पूर्णमा स्थापित गर्ने उद्देश्य पनि हो । सन्तानको पनि हक सुरक्षित गरिएको छ ।” उहाँले आमाको स्वघोषणा गलत सिद्ध भएमा नागरिकताका बारेमा प्रश्न गर्ने र सजायको व्यवस्थासमेत गरिएको बताउनुभयो । नागरिकता नहुँदा धेरै बालबालिकाहरूले अध्ययन/वृद्धिविकासमा समस्या भएको उहाँको भनाइ छ ।

त्यसैगरी, अङ्गीकृत नेपाली नागरिकता प्राप्तिसम्बन्धी व्यवस्थामा बाबुका आधारमा विदेशको नागरिकता नलिएको भन्ने नागरिकता प्राप्त गर्ने व्यक्तिले मात्र स्वघोषणा गर्ने व्यवस्था भएकामा निजको आमाले समेत स्वघोषणा गर्नुपर्ने व्यवस्था गरिएको मन्त्री लेखकले जानकारी दिनुभयो ।

“बुबाको मृत्यु भएको, जीवित रहँदा पनि नागरिकता प्राप्तिमा सहयोग नगरेमा तथा अर्को विवाह गरेर गएको अवस्थामा सन्तानलाई आमाकै नामबाट नागरिकता दिने व्यवस्था विधेयकमा राखिएको छ,” लेखकले भन्नुभयो, “आमाको नामबाट नागरिकता पाउने कुरालाई हामीले अहिले सरलीकृत गरेका छौँ ।”

आमाका नामबाट नागरिकता उपलब्ध गराउने विषयमा सर्वोच्च अदालतबाट सरकारलाई निर्देशनात्मक आदेशसमेत भएको अवस्थामा विधेयक अगाडि बढाएको मन्त्री लेखकको भनाइ थियो । रासस

## वडाध्यक्षकै दोहोरो नागरिकता

रौतहट २६ साउन । रौतहटको दुर्गाभगवती गाउँपालिका-४ का वडाध्यक्ष रामानन्द प्रसादसँग नेपाल र भारत दुवै देशको नागरिकता भएको खुलेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरीपछि गत ७ साउनमा जिल्ला प्रशासन कार्यालय रौतहटले खुलेपछि छानबिन समेत सुरु गरेको छ।

प्रशासन कार्यालयले वडाध्यक्ष रामानन्दलाई कार्यालयमा बोलाएर बयान लिएको छ। रामानन्दसँग नेपालसहित भारतको बिहार पूर्वी चम्पारनको पनि नागरिकता रहेको पुष्टि भएको प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले जानकारी दिए। रामानन्दले भारत बिहारको पूर्वी चम्परानबाट पप्पु यादवका नाममा नागरिकता लिएका छन् भने सोही नागरिकताबाट उनले भारतको निर्वाचन आयोगसँग मतदाता परिचयपत्र समेत लिइसकेको खुल्नमा आएको छ।

परिचयपत्रमा उनले बुवाको नाम सियारामप्रसाद यादव उल्लेख गरेका छन् भने २३ मार्च २००९ मा जारी भएको मतदाता परिचयपत्रमा जन्ममितिसन १९८२ उल्लेख गराएका छन्। परिचयपत्रमा उल्लेख भएअनुसार उनको ठेगाना ‘परेवा सहर/गाँव-परेई, अञ्चल-चिरैया, जिल्ला- पूर्वी चम्पारन-८४५४१८ उल्लेख छ। मतदाता परिचयपत्र नम्बर भने वाइडब्लुएक्स ०११५०३१ रहेको छ।

नेपालमा भने उनले रौतहटबाट नागरिकता लिएका छन्। जसमा उनको पिताको नाम रामचन्द्र कापड यादव उल्लेख छ। २०४७ जेठ २३ मा जिल्ला प्रशासन कार्यालय रौतहटबाट जारी उनको नागरिकता नम्बर ३२० र ठेगाना पञ्चरुखी गाविस-३ लेखिएको छ। उनले सोही नागरिकताबाट आफ्नो मतदाता परिचयपत्र पनि लिएका छन्। जसमा उनको नाम रामानन्द प्रसाद लेखिएको छ भने पिताको नाम रामचन्द्र कापड र आमाको नाम कान्ति देवी लेखिएको छ। ‘नेपालको नागरिकता र भारतको मतदाता परिचयपत्रमा एउटै फोटो प्रयोग भएको छ। जसमध्ये नागरिकतामा टाँसिएको फोटो भारतीय मतदाता परिचयपत्रमा टाँसिएको फोटोसँग मेल खान्छ,’ प्रजिअ अधिकारीले भने। छानबिन प्रक्रियामा नेपालस्थित भारतीय दूतावाससँग पनि पत्राचार गरिएको छ, रामानन्दविरुद्ध दुई महिनाअघि अख्तियारमा उजुरी परेको थियो र उक्त उजुरी गृह मन्त्रालयमार्फत जिल्ला प्रशासन कार्यालय पठाइएको थियो।’

यता वडाध्यक्ष रामानन्दले भने छानबिनका क्रममा बयान दिएको स्वीकार गर्दै आफ्नो पुस्तौंपुस्ता नेपाली नागरिक भएको र आफूले दोहोरो नागरिकता नलिएको दाबी गरेका छन्।

## नेपालगञ्ज-नयाँ दिल्ली सिधा हवाइ उडानका लागि प्रधानमन्त्रीलाई ध्यानाकर्षण

दैनिक समाचारदाता

काठमाडौँ, २६ साउन । प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष बाँके र बर्दियाका जनप्रतिनिधि र उद्योगी-व्यवसायीले नेपालगञ्ज-नयाँ दिल्ली सिधा हवाइ उडानका लागि ध्यानाकर्षण गराइएको छ । प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटमा नेपालगञ्ज विमानस्थलमा आवश्यक पूर्वाधार विकास भइसकेकाले पश्चिम नेपालको ३२ जिल्लाको हवाइ सुविधा र व्यावसायिक श्रीवृद्धिका लागि नेपालगञ्ज-नयाँ दिल्ली सिधा हवाइ सेवा सञ्चालनको माग गरिएको हो । मागपत्र बुझेपछि प्रधानमन्त्री ओलीले आफू यसका



लागि सकारात्मक रहेको र भारत सरकारसँग छलफल गरिने विश्वास दिलाउनुभयो । उहाँले नेपालगञ्ज विमानस्थलको धावनमार्ग थप विस्तार र जमिन संरक्षणलगायत काममा चासो दिन आग्रह गर्नुभयो ।

## उपलब्धि रक्षाका लागि परिवर्तनकारी शक्तिको भूमिका सम्बन्धमा नेता श्रेष्ठ र यादवबीच छलफल



दैनिक समाचारदाता

काठमाडौँ, २६ साउन । नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवबीच लोकतान्त्रिक उपलब्धिको रक्षा तथा समाजवादको दिशातर्फ अघि बढ्न परिवर्तनकारी शक्तिबीचको सहकार्य सम्बन्धमा छलफल भएको छ ।

नेता श्रेष्ठको निवास हात्तीवनमा आज भएको छलफलमा उहाँहरुबीच सङ्घीय लोकतान्त्रिक गणतन्त्र र समाजवाद उन्मुख समावेशी लोकतन्त्रको संरक्षण तथा सुदृढीकरणमा सङ्घर्षरत शक्तिको भूमिकाबारे विचारविमर्श भएको श्रेष्ठका सचिवालयले जनाएको छ ।

## सप्तरी घटनाको इन्सेकद्वारा अनुगमन



दैनिक समाचारदाता

सप्तरी, २५ साउन । सप्तरीको राजगढ गाउँपालिका(२ कमलपुरमा साउन २० गते राति प्रहरीको गोली लागी ३१ वर्षीय स्थानीय लालु यादवको मृत्यु भएको घटनापछि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेश संयोजक राजु पासवान नेतृत्वको टोलीले शनिबार घटनास्थलको स्थलगत अध्ययन तथा अनुगमन गरेको छ ।

टोलीमा इन्सेक मधेस प्रदेश संयोजक पासवानसँगै सप्तरी इन्सेक स्वयंसेवक नविन यादव, एड्भोकेसी फोरम नेपाल मधेस प्रदेश संयोजक राजकुमार महासेठ र पत्रकार वैधनाथ झा सहभागी थिए। टोलीले घटनास्थलको भौगोलिक अवस्था, गोली प्रहारको स्थान, गोलीको दिशा र सम्भावित दूरीका आधारमा विवरण संकलन गरेको छ ।

टोली मृतक यादवको घर पुग्दा शोकाकुल माहोल थियो । उनकी पत्नी निरसी कुमारीले भावुक हुँदै घटनाको रातको अवस्था सुनाइन् । उनका अनुसार, पतिलाई बचाउन खोज्दा आफ्नै आँखै अगाडि जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर वीरेन्द्र यादवले तिघ्रामा दुई गोली प्रहार गरेपछि आफू बेहोस भइन्। स्थानीयवासीहरूले पनि प्रहरी अपरेसनको ढंग, गोली चलाइएको समय र स्थानबारे आफ्ना प्रत्यक्ष अनुभव सुनाएका थिए। उनीहरूले यादवलाई नियन्त्रणमा लिएपछि गोली हानेको आरोप लगाए।

टोलीले जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी भोला दाहाल र जिल्ला प्रहरी कार्यालयका एसपी गौतम कुमार केसीसँग छुट्टाछुट्टै भेटघाट गरेको छ। प्रमुख जिल्ला अधिकारी दाहालले घटनाबारे अनुसन्धान जारी रहेको बताए भने एसपी केसीले अपरेसनको उद्देश्य मदिरा तस्करी नियन्त्रण भएको र गोली प्रहारबारे आन्तरिक छानबिन भइरहेको जानकारी दिए।

साउन २० गते राति प्रहरीले “मदिरा तस्करी नियन्त्रण अपरेसन” सञ्चालन गर्ने क्रममा परिस्थितिजन्य कारणले गोली प्रहार भएको दाबी गरेको छ। तर स्थानीयवासी र मृतकका आफन्तले यसलाई “योजनाबद्ध हत्या” का रूपमा लिएका छन्। आधिकारिक विवरण अनुसार घटनामा ९ एमएम बेरेटा पिस्तोल प्रयोग गरिएको थियो। गोली लागी घाइते यादवलाई अस्पताल लैजाँदै गर्दा बाटोमै मृत्यु भएको थियो। उनी खुबलाल जग्रनाथ शक्ति आधारभूत विद्यालयको व्यवस्थापन समितिका अध्यक्ष समेत थिए।

इन्सेक संयोजक पासवानले प्रत्यक्षदर्शीका बयानहरूले गम्भीर प्रश्न उठाएको बताए। “गोली प्रहार गर्नु अघि अन्य विकल्प प्रयोग गरिएको कि नगरिएको स्पष्ट हुनुपर्छ,” उनले भने। एड्भोकेसी फोरमका महासेठले मानव अधिकार उल्लङ्घनको आशङ्का रहेको भन्दै निष्पक्ष, पारदर्शी र समयमै छानबिन आवश्यक रहेको बताए ।




‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४